# प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार कोष स्थापना र संचालन सम्बन्धी कार्यविधि, २०७५

नेपाल सरकार (मन्त्रिपरिषद्)बाट स्वीकृत मितिः २०७५।९।२९
पहिलो संशोधनः २०७६।२।२३

प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार कोषको स्थापना र संचालनको सम्बन्धमा नेपाल सरकारले देहायको कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार कोष स्थापना र संचालन सम्बन्धी कार्यविधि, २०७५ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. 'कोष' भन्नाले दफा ३ बमोजिमको कोष सम्झनुपर्दछ ।

ख. 'समिति' भन्नाले दफा ७ बमोजिम गठन हुने कोष परिचालन एवं पुरस्कार/सहयोग सिफारिस समिति सम्झनुपर्छ ।

ग. "कार्यालय" भन्नाले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्झनुपर्छ ।

३. **कोषको उद्देश्य र संचालनः** (१) मुलुकमा शान्ति, सुशासन, नवप्रवर्तन, वैज्ञानिक खोज, अनुसन्धान तथा विकासको क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याउने प्रतिभाशाली युवा तथा अन्य व्यक्ति एवं बालबालिकालाई प्रोत्साहन दिने, सहयोग गर्ने, हौसला प्रदान गर्ने र पुरस्कृत गर्ने प्रयोजनको लागि रकमको व्यवस्था गर्न प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार कोषको नाममा एक कोष स्थापना गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम जम्मा गरिनेछ ।

क. नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५।८।१७ को निर्णयबाट प्राप्त भएको अमेरिकी डलर एक लाख वरावरको रकम,

ख. नेपाल सरकारको मन्त्रिपरिषद्को मिति २०७५।८।१७ को निर्णयबाट नेपाल सरकारले उपलब्ध गराएको रकम,

ग. अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिइ विदेशी सरकारी तथा गैर सरकारी निकाय वा व्यक्तिबाट प्राप्त हुने रकम,

घ. स्वदेशी संघ, संस्था, व्यवसायी वा व्यक्तिबाट प्राप्त हुने रकम,

ङ. नेपाल सरकारले समय समयमा उपलब्ध गराउने अन्य रकम,

च. बैंकको ब्याजबाट आर्जन हुने रकम,

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

४. कोषको रकम नेपालमा स्थापना भई संचालनमा रहेका (क) वर्गको वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

**५. <u>कोषको संचालन</u> :** कोषको संचालन समितिका सदस्य सचिव र कार्यालयको आर्थिक प्रशासन प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

**६. <u>कोषको प्रयोग</u> :** (१) कोषमा जम्मा भएको रकम देहायबमोजिमको कार्यमा प्रयोग गरिनेछः-

क. मुलुकमा शान्ति, सुशासन, नव प्रवर्तन, वैज्ञानिक खोज, अनुसन्धान तथा विकासको क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याउने प्रतिभाशाली युवा तथा अन्य व्यक्तिलाई पुरस्कार प्रदान गर्न,

ख. असाधारण प्रतिभा भएका बालबालिका र वैज्ञानिक अन्वेषण तथा अनुसन्धान कार्यमा योगदान पुऱ्याउने प्रतिभाशाली युवा तथा अन्य व्यक्तिलाई अनुदान/सहयोग उपलब्ध गराउन,

**७. <u>कोष परिचालन, पुरस्कार/सहयोग सिफारिस समिति</u>:** (१) कोषको परिचालन एवं पुरस्कार तथा सहयोगको सिफारिस गर्नका लागि देहाय बमोजिमको एक समिति रहनेछ:

| | | |
|---|---|---|
| क. | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - अध्यक्ष |
| ख. | सह-सचिव, अर्थ मन्त्रालय | - सदस्य |
| ग. | सह-सचिव, युवा तथा खेलकुद मन्त्रालय | - सदस्य |
| घ. | सह-सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | - सदस्य |
| ङ. | राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा ख्यातिप्राप्त व्यक्तिहरु मध्येबाट नेपाल सरकारले मनोनित गरेका दुई जना व्यक्तिहरु | - सदस्य |
| च. | सह-सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - सदस्य सचिव |

(२) समितिले कोषको परिचालन एवं पुरस्कार तथा प्रदान गरिने सहयोगको रकम सिफारिस गर्दा निष्पक्ष, पारदर्शी र उत्तरदायी रुपमा गर्नुपर्ने छ ।

**८. <u>समितिको काम, कर्तव्य र अधिकार</u> :-** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

क. उद्देश्य अनुरूप कोष संचालन गर्ने/ गराउने,

ख. पुरस्कृत गरिने तथा सहयोग उपलब्ध गराइने बालबालिका एवं प्रतिभाशाली युवा तथा अन्य व्यक्तिको विवरण तयार गर्ने,

ग. दफा ३ मा उल्लेख भए बमोजिमको प्रयोजनको लागि पुरस्कृत हुने तथा सहयोग प्रदान गरिने व्यक्तिहरुको छनौट गरी सिफारिस गर्ने,

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

घ. कोषको मूलधन अक्षय रहने गरी संरक्षणको व्यवस्था मिलाई उपयुक्त बैंकमा मुद्दती निक्षेपमा जम्मा गर्ने /गराउने,

ङ. पुरस्कार तथा सहयोगको लागि आवश्यक रकम यकीन गरी उपलब्ध गराउने,

९. **<u>पुरस्कार तथा सहयोग सम्बन्धी व्यवस्था</u>** : कोषमा जम्मा भएको रकमबाट कोषको उद्देश्य अनुरूपको कार्य गर्ने बढीमा दुई जनासम्मलाई जनही पाँच लाख रुपैयाका दरले नगद पुरस्कार/सहयोग रकम र प्रमाण पत्र प्रदान गरिनेछ ।

१०. **<u>पुरस्कार प्रदान गर्ने कार्यविधि</u>** : (१) कोषबाट प्रदान गरिने पुरस्कार एवं सहयोग प्राप्त गर्ने व्यक्तिको पहिचान र छनौट गर्न दफा ७ बमोजिमको समितिले देहायबमोजिमको कार्यविधि अवलम्बन गर्नु पर्नेछ।

क. हरेक वर्ष समाप्त भएको एक महिनाभित्र अघिल्लो वर्षमा मुलुकको शान्ति, सुशासन, नवप्रवर्तन, वैज्ञानिक खोज, अनुसन्धान तथा कृषि एवं गैर कृषि क्षेत्रको विकासमा महत्त्वपूर्ण योगदान गर्ने युवा तथा वैज्ञानिकको सूची तयार गर्ने,

ख. असाधारण प्रतिभा प्रदर्शन गरी भविष्यमा राम्रो सम्भावना भएका बालबालिका एवं युवाहरुको पहिचान गरी सूची तयार गर्ने,

ग. संकलित सूची मध्येबाट पुरस्कार/ सहयोग प्रदान गर्ने आधार र कारण सहित उपयुक्त व्यक्ति छनौट गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने,

घ. समितिको सिफारिस बमोजिम नेपाल सरकारले पुरस्कार तथा सहयोगको घोषणा गर्न सक्ने,

च. नेपाल सरकारको निर्णय बमोजिम पुरस्कृत हुने तथा सहयोग प्राप्त गर्ने बालबालिका, युवा तथा अन्य व्यक्तिलाई प्रत्येक वर्ष जेठ १ गते सम्माननीय प्रधानमन्त्रीबाट पुरस्कृत गर्ने । तर २०७५ सालको पुरस्कार/सहयोग २०७६ साउन २७ गते वितरण गरिने छ ।

११. **<u>कोषको लेखा र लेखापरीक्षण</u>** : (१) कोषको सञ्चालन कार्यालयबाट हुनेछ ।

(२) कोषले नेपाल सरकारले अपनाएको लेखा प्रणाली अवलम्बन गर्नुपर्नेछ ।

(३) कोषको आय व्ययको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

१२. **<u>प्रतिवेदन</u>** : समितिले यस कार्यविधिवमोजिम भए गरेका कामको विवरण सहितको बार्षिक प्रतिवेदन तयार गरी प्रत्येक आर्थिक वर्षको साउन मसान्तभित्र कार्यालयमा पेश गर्नुपर्नेछ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

१३. **<u>अधिकार प्रत्यायोजन</u>** : समितिले आफूलाई प्राप्त भएको अधिकारमध्ये केही अधिकार समितिका कुनै सदस्य वा कार्यालयका अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१४. **<u>मापदण्ड बनाउन सक्ने</u>** : यस कार्यविधि वमोजिमको कोष संचालन गर्न तथा पुरस्कार र सहयोग रकम वितरण गर्ने प्रयोजनका लागि समितिले आवश्यक मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय